**Butwal Campus Journal, Vol. 6, No. 1: 96-104, December 2023**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v6i1.62968

# साहचर्यात्मक अर्थविश्लेषण पद्धति

**सखिशरण सुवेदी**

*सहप्राध्यापक, बुटवल बहुमुखी क्याम्पस*

*Article History: Received 21 August 2023; Reviewed 05 November 2023; Revised 14 December 2023; Accepted 26 December 2023*

## लेखसार

साहचर्यात्मक अर्थविश्लेषण पद्धति संरचनावादी भाषावैज्ञानिक फर्थबाट सुरू भई सिङ्क्लेयरले विस्तृत व्याख्या विश्लेषण गरेको अवधारणा हो । शब्दको अर्थसँग सोझो सम्बन्ध हुँदैन । भाषाका कतिपय शब्दहरू सामान्य रूपबाट हेर्दा उस्तै देखिन्छन्, शब्दगत साहचर्यात्मकता देखिन्छ र प्रयोगका सन्दर्भमा पनि पर्यायवाची शब्दका रूपमा प्रयोग गर्न सकिने लाग्दछ तर तिनीहरू एउटा शब्दसँग जसरी आउन सक्छन् अर्को शब्दसँग त्यही रूपमा आउन सक्दैनन् । यी शब्दका बिच साहचर्यात्मक सम्बन्ध हुन्छ । यस किसिमको साहचर्यात्मक अर्थ विश्लेषणका लागि वितरणात्मक र संज्ञानात्मक दुई किसिमका पद्धति प्रस्तुत गरिएको छ । सहचर शब्दको वितरणका आधारमा अर्थ विश्लेषण गर्ने पद्धति वितरणात्मक पद्धति हो । यसमा वाक्यमा प्रयुक्त पदहरूको वितरणलाई हेरेर त्यसका आधारमा ती पद र पदावलीको अर्थ विश्लेषण गरिन्छ । संज्ञानात्मक पद्धतिमा शाब्दिक अर्थ जोडेर अर्थको विश्लेषण नगरी त्यसमा व्यक्त भएको तात्पर्य अर्थ हेरिन्छ । यो मानिसको बोध क्षमता र अनुभवमा आधारित हुन्छ ।

**शब्दकुञ्जीः** अमूर्तता, आत्मीकरण, आवृत्ति, वितरण, पूर्वज्ञान, सहचर, संज्ञानात्मक ।

## विषयपरिचय

साहचर्यात्मक अर्थ विश्लेषण संरचनावादी भाषा वैज्ञानिक अवधारणा हो । यसका विषयमा भाषा वैज्ञानिकहरूको गहन चिन्तन भएको छ । एउटा पदावलीका तहमा रहेका पदको अर्थ विश्लेषण के कसरी गर्ने भन्ने सम्बन्धमा यस अवधारणाले विश्लेषण गर्दछ । यस सम्बन्धमा विभिन्न अवधारणा विकसित भएका छन् । पदावलीका सन्दर्भमा सहचर शब्दको अर्थ विश्लेषण आवश्यक हुन्छ । पदावलीका तहमा शब्दहरूको नित्य सन्निधि रहेको हुन्छ । पदावलीको प्रयोग छुट्टै नभई खास सन्दर्भका निम्ति वाक्य र सङ्कथनमा हुने हुनाले यसको अर्थ विश्लेषणका क्रममा विभिन्न अवधारणाको जन्म भएको छ । अर्थ विश्लेषणका विभिन्न अवधारणामध्ये फर्थले आरम्भ गरी सिङ्क्लेयरले अगाडि बढाएको साहचर्यात्मक अर्थ विश्लेषणको अवधारणाको चर्चा गर्नु आवश्यक छ ।

## अध्ययन विधि

प्रस्तुत लेख तयार पार्नका लागि द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसमध्ये पनि मूलतः विभिन्न अनुसन्धान प्रतिवेदन, पुस्तक, विभिन्न किसिमका जर्नल र पत्रपत्रिकामा प्रकाशित लेखहरू एवम् पाठभण्डार (कर्पस) लाई आधार मानिएको छ । साहचर्य सम्बन्धी विभिन्न समयमा गरिएका अध्ययनहरूको विश्लेषणका लागि ऐतिहासिक व्याख्या विश्लेषण विधिको प्रयोग गरिएको छ । भाषाको

प्रयोग र अर्थमा मानव संज्ञानको प्रभाव रहने हुनाले संज्ञानात्मक अर्थविश्लेषणको अवधारणालाई आधार मानिएको छ ।

## सैद्धान्तिक अवधारणा

'साहचर्य' पदावली भित्रका शब्दको सम्बन्धमा निर्भर अवधारणा हो । यो सिङ्क्लेयरले अगाडि ल्याएको अवधारणा हो । हाल आएर यसलाई सार्वभौम सिद्धान्तका रूपमा स्विकार गरिएको छ । यो वितरणको अवधारणा हो । निश्चित दुरी भित्रका शब्दको सम्बन्धबाट साहचर्यात्मक सम्बन्ध प्रष्ट हुन जान्छ । एवर्टले आवृत्तिको उच्चता र न्यूनताले शब्दहरूका बिचको सहचर सम्बन्ध निश्चित गर्ने बताएका छन् (एवर्ट, २००५ई. पृ. १७) । नव फर्थवादमा यो अवधारणा विकसित भएको हो । सिङ्क्लेयर यस नव फर्थ सम्प्रदायका अग्रणी हुन् । यसपछि देखा परेको अवधारणा साहचर्य सम्बन्धी सिङ्क्लेयरको प्रस्तावित अवधारणाका रूपमा रहेको छ । सिङ्क्लेयरले कुनै पाठमा एक निश्चित स्थानमा दुई वा धेरै शब्दहरूको सहसम्बन्ध हुने मानेका छन् (सिङ्क्लेयर, १९९१ई. पृ. १७०) । उनका अनुसार शब्दको विस्तारको प्रयोगको मापन अधिकतम हुन्छ । साहचर्यमा बारम्बारताले भाषामा नियमित किसिमको शाब्दिक संरचना निर्माण गर्दछ (सिङ्क्लेयर, २००४ई.ख पृ. २८) । यसैले साहचर्यलाई शब्दको आवृत्तिगत सहसम्बन्ध मान्नु पर्ने धारणा उनको रहेको छ । उनले संरचनाका नोड (त्यो एकाइ जसको साहचर्य हेरिएको छ), कोलोकेट (त्यसको विकल्पमा आउने एकाइ) र स्पान (नोडको परीक्षणमा परेका शाब्दिक एकाइको सङ्ख्या) गरी तिन आधार प्रस्तावित गरेका छन् (सिङ्क्लेयर, २००४ई.ख पृ. ३०) ।

पाठभण्डार अर्थविश्लेषण साहचर्यको अवधारणामा आधारित छ । वाक्यमा आएका पदहरूका बिच परस्पर सहचर सम्बन्ध रहेको हुन्छ । इभर्टले यस सम्बन्धी अवधारणा भाषाविद्हरूको नवीन खोजबाट अगाडि आएको मानेका छन् (इभर्ट, २००९, पृ. १२१२) । यस सम्बन्धमा विभिन्न किसिमका फरक अवधारणाहरू अगाडि ल्याइएका छन् । अध्ययनको क्षेत्र र अर्को सिद्धान्तको प्रभावका कारण साहचर्यको अवधारणामा भिन्नता देखिन गएको छ । सामान्यतया सहचर शब्दको अध्ययनमा दुइवटा भिन्न पद्धतिहरू रहेका छन् (नेसेलहौफ, २००४क : १२, २००४ख : १) । त्यसमध्ये एउटा पद्धतिले निश्चित स्थानमा रहेका शब्दको परस्परको सम्बन्धलाई आवृत्तिको उच्चता र न्यूनताका आधारमा हेर्दछ । यो तथ्याङ्कीय विश्लेषणमा आधारित पद्धति हो (हर्ब्स्ट, १९९६ : ३८०) । यसलाई आवृत्तिमा आधारित पद्धति (नेसेलहौफ, २००४क : १२, २००४ख : १) अथवा वितरणात्मक पद्धति (इभर्ट, २००५ : १५) पनि भनिएको छ । यहाँ वितरणात्मक पद्धति मानेर चर्चा गरिएको छ । अर्को अवधारणामा एउटा अलग किसिमको शब्दको संयोजन हुन्छ अथवा पदावलीको एकाइका रूपमा रहन्छ जुन निश्चितताको श्रेणीभित्र अर्थगत रूपमा अस्पष्ट हुन्छ । यो दृष्टिकोणलाई पहिचान उन्मुख पद्धति वा अवधारणा (हर्ब्स्ट, १९९६, पृ.३८०), पदावलीगत पद्धति वा अवधारणा (नेसेलहौफ, २००४क, पृ.१२, २००४ख, पृ. १), लाक्षणिक पद्धति वा अवधारणा (इभर्ट, २००५, पृ. १६) भनिन्छ । यहाँ यसलाई संज्ञानात्मक पद्धतिका रूपमा चर्चा गरिएको छ ।

## विमर्श र परिणाम

साहचर्यात्मक अर्थ विश्लेषण सहचर पदको विश्लेषणमा आधारित पद्धति हो । सहचर भनेका सँगै आएका र आउन सक्ने शब्दहरू हुन् । साहचर्यका सम्बन्धमा विभिन्न दृष्टिकोणहरू देखिए तापनि ती सबै दृष्टिकोणहरूलाई यस लेखमा प्रस्तुत नगरी साहचर्यात्मक अर्थविश्लेषणमा आधार मानिने वितरणात्मक र संज्ञानात्मक पद्धतिको सामान्य चर्चा मात्र गरिएको छ ।

## वितरणात्मक पद्धति

सहचर शब्दको वितरणका आधारमा विश्लेषण गर्ने पद्धति वितरणात्मक पद्धति हो । वितरण भन्नाले वाक्यभित्रका पदको रखाइको क्रम हो । वाक्यमा पदहरूको वितरणलाई हेरेर त्यसका आधारमा ती पद र पदावलीको अर्थ विश्लेषण यस पद्धतिमा हुन्छ । यसको सुरूवात फर्थले गरे भने पछि यसलाई ह्यालिडे र सिङ्क्लेयरले अगाडि बढाएका हुन् । यसका बारेमा सैद्धान्तिक चर्चा गर्ने काम पामेरले गरेका हुन् (मौरेर स्ट्रो, २००४, पृ.२२) । पामेरले सँगै आउने दुई वा धेरै शब्दको सम्बन्धलाई साहचर्यात्मक सम्बन्ध मानेर त्यसलाई घटाउन सकिने मानेका छन् (पामेर, १९३८, पृ.४) । यसैले साहचर्यको चर्चा गर्ने पहिलो व्यक्ति फर्थ नै हुन् भन्ने निश्चित गर्न सकिँदैन । यद्यपि उनी भाषाविज्ञानका क्षेत्रमा नयाँ प्राविधिक शब्दावलीको प्रयोग गर्ने व्यक्ति भने अवश्य हुन् (फर्थ, १९५१, पृ. १९४) । यसपछि सहज रूपमा यसको प्रयोग हुन थालेको हो (एम.सी एनरी र विल्सन, २००१, पृ. २४) ।

फर्थले शब्दिक एकाइहरूका बिचमा नियमित रूपमा हुने बानीको संयोजनका रूपमा साहचर्यलाई लिएका छन् । एउटा शब्द अर्को शब्दको सहप्रयोगमा आउँछ । त्यो बानीका रूपमा खास स्थानमा मात्र आउँछ (फर्थ, १९५७, पृ. १८१) । फर्थको साहचर्यसम्बन्धी अवधारणा अर्थको सिद्धान्तसँग सम्बन्धित छ । उनले साहचर्यको अर्थ, अवधारणात्मक अर्थ र सन्दर्भगत अर्थका तिन तहमा फरक देखाएका छन् (मौरेर स्ट्रो, २००४, पृ. २२) । साहचर्यको अर्थ वाक्यतहमा हुन्छ (फर्थ, १९५७ , पृ. १९६) । दिइएको शब्दको अर्थ त्यस सँगै आउने शब्दबाट खुल्दछ । उनले अन्य अर्थलाई अस्वीकार गरेका छैनन् तर उनले वाक्यतात्विक तहको विश्लेषणको महत्वलाई जोड दिएका छन् । अर्थ विश्लेषणका वाक्यतात्विक र वैकल्पिक दुई किसिमको सम्बन्धमध्ये यसले अर्थ सम्बन्धको अगिल्लो आयामलाई पछ्याउँदछ । यो शब्दको वैकल्पिक सम्बन्ध भन्दा फरक छ (एमरी, १९८८, पृ. १८) । यस अनुसार शाब्दिक एकाइको वाक्यीय सम्बन्धबाट सहचर शब्दको एक अर्को शब्दको सम्बन्ध देखिन्छ । अर्कातिर शाब्दिक एकाइको वैकल्पिक सम्बन्ध खास उही किसिमका शब्द मध्येबाट विशिष्ट व्याकरणिक वा शाब्दिक सन्दर्भमा छनोट गरिन्छ । वाक्यीय र वैकल्पिक शब्द सम्बन्धका बारेमा सस्युरले चर्चा गरेका छन् । सस्युर (सस्युर, १९१६) ले वैकल्पिक अक्ष र वाक्यीय सम्बन्ध अक्ष मानेर चर्चा गरेका छन् । फर्थले शब्दको सम्बन्धमा पारस्परिक अपेक्षा रहने (फर्थ, १९६८, पृ. १८२) बताएका छन् ।

सहचर शब्द एक अर्कासँग अर्थसम्बन्ध जोड्न पुग्दछ र एक अर्काको सम्भावित अर्थमा मेल राख्दछ । यसमा एउटा शब्दसँग अर्काको अपेक्षा रहन्छ । साहचर्यसम्बन्धी फर्थको दृष्टिमा साहचर्य सामान्य प्रयोग, खास किसिमको सन्दर्भ, निश्चित अनुक्रममा आउने शब्दको सङ्ख्या र पारस्परिक अपेक्षा जस्ता चारवटा भिन्न अवधारणाहरू रहेको हुन्छ (नेसेलहौफ, २००४ख, पृ. २-५) । पछि इभर्ट (२००५), एम.सी एनरी एन्ड हार्डी (२०१२), एम. सी एनरी एन्ड विल्सन (२००१), ह्यालिडे, सिङ्क्लेयर र होइय जस्ता धेरै भाषाविद्हरूले साहचर्य सम्बन्धी नवफर्थियन अवधारणालाई विस्तार गरे । उनीहरूले साहचर्यलाई पूर्ण व्याख्येय रूपमा प्रत्यक्ष वर्णन गर्न सकिने बताएका छन् (इभर्ट, २००५, पृ. १५) ।

साहचर्यको विश्लेषण पाठभित्रबाट गर्न सकिने धारणा हार्डीले राखेका छन् । सिङ्गो पाठ भित्रबाट सहचर पदहरूको प्रयोगको आवृति हेर्न सकिन्छ । उनले सँगै आएका एकाइहरूको सम्बन्धको सम्भाव्यतालाई त्यसको प्रयोगको आवृत्तिका आधारमा गणना गर्न सकिने बताएका छन् (हार्डी, १९६६, पृ. १५६ र नेसलहौफ,२००४, पृ. ४) । ह्यालिडेले सहचरहरूको आवृत्तिबाट साहचर्य सम्बन्धको विश्लेषण गर्न सकिने हुनाले शाब्दिक समुहको प्रस्ताव गरेका छन् (ह्यालिडे, १९६६, पृ. १५३) ।

सिङ्क्लेयरले कर्पस भाषावैज्ञानिक बिधिबाट फर्थको अवधारणा अगाडि ल्याएका हुन् (एम.सी एनरी एन्ड हार्डी, २०१२, पृ.२२) । पाठभित्रको खास स्थानबाट दुई वा बढी शब्दको सहचर सम्बन्धका

आधारमा शब्द साहचर्यको विश्लेषण हुन्छ (सिङ्क्लेयर, १९९१, पृ. १७०) । अध्ययन गरिने मुख्य शब्द नोड हुन्छ । त्यो शब्द अर्को शब्दसँग कति स्थानमा आउन सक्छ त्यो स्पान हुन्छ । नोडसँग आउन सक्ने स्पान नोडका सहचर शब्द हुन्छन् । साहचर्यात्मक ढाँचामा भएको शब्द नोड हुन्छ । त्यसको अगाडि पछाडि जति शब्द हुन्छन् ती सबै त्यसका स्पान हुन् । ती शब्दहरू त्यसका सहचर शब्द हुन् (पूर्ववत्, १९६६, पृ. ४१५) ।

शब्दको सहचर प्रयोगमा एक अर्कोसँगको सम्बन्ध रहेको हुन्छ । यसमा सिङ्क्लेयरले उठाएको प्रमुख विषय शब्दहरूको सहचर सम्बन्धको अलग प्रचलित धारणा हो । त्यसमा प्रचलन अनुसारको प्रयोग हुन्छ, व्याकरणिक विश्लेषण हुन सक्दैन (सिङ्क्लेयर, १९६६, पृ.४११) । शब्दको अर्थमा परिवर्तन हुन गई साहचर्य सम्बन्धका आधारमा अलग अर्थ निस्कन जान्छ । यस सन्दर्भमा उनले विस्तृत शाब्दिक एकाइको अवधारणा ल्याए । उनले शब्दहरूको अर्थसन्दर्भ विस्तृत पाठ भण्डारबाट खोज्न सकिन्छ ( सिङ्क्लेयर,१९९८, २००४ख) भनेका छन् । यसमा शब्द, वाक्य, अर्थ र प्रयोग एकै ठाउँमा राखिएको छ । पछिल्ला चरणमा सिङ्क्लेयरको अवधारणाको गहन विश्लेषण भएको छ (स्टब्स्, २००९, पृ. १२४) ।

शाब्दिक एकाइको अर्थ अलग्गै नभएर पाठगत सन्दर्भमा हुने सहचर सम्बन्ध अनुरूप हुन्छ (होय, १९९१, पृ. ६) । शब्दको सहचर सम्बन्ध मनोभाषाविज्ञान अन्तर्गतको विषय हो । यसको तथ्याङ्कीय विश्लेषण कम्प्युटर पाठ भण्डारबाट गर्न सकिन्छ (होय, २००५, पृ. ५) । उनका अनुसार साहचर्य भनेको शब्दहरूका बिचको मनोवैज्ञानिक संयोजन हो जुन सँगै आएको सन्दर्भको प्रमाणले पुष्टि गर्दछ । प्राथमिकता (प्राइमिङ) मा परेका शब्दहरू मानिसको दिमागमा रहिरहन्छन् । दिमागले खास खास किसिमका सन्दर्भमा खास खास किसिमका शब्दहरू संयोजन गर्दछ । प्रमुख स्थानमा रहेको शब्दले भाषिक प्रयोगमा आवृत्ति पाइरहन्छ र अन्य शब्दसँग सम्बन्ध राख्दछ । अन्य शब्दले पनि त्यसै शब्दसँग सहचर प्रयोगका निम्ति महत्व पाउँछ । प्रत्येक शब्दले अर्को भिन्न शब्दसँग सहसम्बन्ध राख्दछ र त्यस्तो शब्द सहचर शब्द हुन्छ । । अलग अर्थ समुहसँग सहसम्बबन्ध राख्ने शब्दहरू अर्थगत संयोजन हुन् । अलग किसिमको प्रयोगमा आउन सक्ने शब्दहरू प्रायोगिक संयोजन हुन् । निश्चत व्याकरणिक संरचनामा सहसम्बन्ध राखी व्याकरणिक कार्यसँग सम्बन्ध राख्न वा अलगिन सक्ने शब्द साहचर्य हुन् । प्राथमिकता पाएको शब्दले त्यससँग सम्बन्ध राख्ने झुण्डलाई समेत प्रभावित पार्दछ । यसबाट पदावलीको निर्माण हुन जान्छ । पदावलीमा रहेका शब्दहरू सन्दर्भ अनुसार अलग अलग अर्थमा प्रयोग भएका हुन्छन् (डुरान्ट, २००८, पृ. १५) । यसै सन्दर्भसँग टुक्काको साइनो रहेको हुन्छ । टुक्का पदावलीका रूपमा रहने हुनाले सहचर शब्दको वितरणका आधारमा टुक्काको अर्थ विश्लेषण हुन्छ ।

## संज्ञानात्मक पद्धति

पदावलीको अपारदर्शिता र निश्चित किसिमको ढाँचाको विश्लेषणका निम्ति उपयोगी अवधारणा संज्ञानात्मक पद्धति हो । यसमा पदावलीका तहमा रहेका एकाइहरूको आफ्नो अर्थ वा व्याकरणिक सम्बन्धभन्दा भिन्न किसिमको अर्थको विश्लेषण हुन्छ । व्याकरणिक साहचर्यलाई पदावलीगत पद्धतिबाट अलग्यउने अवधारणाका रूपमा यो पद्धति विकसित भएको छ । यस पद्धतिलाई कोविय, मेलकुक, बेन्सन र हौस्मनले अगाडि सारेका हुन् (नेस्सेलहौफ, २००४ख) । संज्ञानात्मक अर्थ सबै व्याकरणिक संरचनाले बुझाउने अर्थभन्दा भिन्न किसिमको हुन्छ । यसमा पदहरूको कोशीय अर्थमा बेमेल हुन्छ । पदावलीमा नाम, विशेषण अथवा क्रिया सँगै अन्य एकाइहरू रहन्छन् तर तिनको मूल अर्थभन्दा भिन्न अर्थ लक्षित हुन्छ (बेन्सन, १९८६क, पृ. ९) । साहचर्यसम्बन्धी कोवियको परिभाषामा शब्द र वाक्यको अन्तर्सम्बन्धलाई आधार मानिएको छ । उनले साहचर्यको अवस्था देखाउनका लागि व्याकरणिक संरचनालाई लिएका छन् (कोविय, १९७८, पृ.१३२, इमेरी, १९८८, पृ. ५) । अर्थ भिन्न भएका कारणले तिनको स्थान निश्चित

हुन्छ । कुन शब्द कुन कुन स्थानमा आउँछ, त्यो वितरणात्मक पद्धतिको विषय हो । यस विपरीत संज्ञानात्मक पद्धति भने तात्पर्यमा आधारित हुन्छ । यसमा शाब्दिक अर्थ जोडेर अर्थ निस्कँदैन । त्यसको तात्पर्य अर्थ हेर्नु पर्दछ । मानिसको बोध क्षमतामा आधारित भएकाले संज्ञानात्मक भनिएको हो । उदाहरणका लागि 'आँखा लाग्नु' मा 'आँखा' र 'लाग्नु' पदको तात्पर्य अर्थका आधारमा पदावलीको अर्थ व्यक्त हुन जान्छ । यसमा मानव संज्ञान अनुरूप आकर्षण, लोभ, ईर्ष्या आदि अर्थ व्यक्त भएको हुन्छ ।

संज्ञानात्मक पद्धतिले शब्दको अर्थलाई नहेरी अभिप्रायको अर्थ हेर्दछ । शाब्दिक एकाइको अर्थ जोड्दा त्यसको अर्थमा  समानता हुँदैन । माथिको उदाहरणमा आँखाको अर्थ र लाग्नुको अर्थ जोड्ने हो भने तात्पर्य खुल्दैन । यसैले यो तात्पर्यमा आधारित पद्धति पनि हो । पदावलीमा नाम, विशेषण, क्रिया आदि खुला वर्गका शब्द र विभक्ति, नामयोगी आदि व्याकरणिक वर्गका शब्दका बिचको साहचर्य हुन जान्छ । नाम राख्नु, टुप्पी काट्नु, बाठो बन्नु, कालो मुख लाउनु जस्ता टुक्कामा नाम, विशेषण र क्रिया वर्गका शब्दको सम्बन्ध छ भने तोरीको फुल देखाउनु, छपनीको पिँध जस्ता टुक्कामा व्याकरणिक वर्गको साहचर्य रहेको छ ।

कोवियले साहचर्यको परिभाषामा शब्द र वाक्यको अन्तर्सम्बन्ध देखाएका छन् । उनले साहचर्य निश्चित वाक्यात्मक ढाँचामा हुने मानेका छन् । उनका अनुसार वाक्य ढाँचामा आएका पदहरूको अर्थ अपारदर्शी हुन्छ (कोविय, १९७८ पृ. १३३) । उदाहरणका लागि तोरी, फुल र देखाउनुको अर्थ अपारदर्शी छ । आँखा फुट्नु मा आँखा कर्ता र फुट्नु अकर्मक क्रिया हो । आँखा फोर्नुमा आँखा कर्म र फोर्नु सकर्मक क्रिया हो । यस किसिमको साहचर्यमा संज्ञानको प्रभाव रहेको छ । आफ्ना अनुभवमा भएका आँखा र फोर्नुसँग सम्बन्धित सबै अवधारणाका झुण्डहरू अगाडि आउँछन् र मूल अवधारणासँग सम्बन्धित तात्पर्य अर्थका रूपमा रहन गई अन्य अवधारणा लुक्छन् (ल्याकोफ र जोन्सन, १९८० पृ. ७६) ।

तात्पर्य सामाजिक संज्ञानात्मक बहुव्यवस्थितताले जन्माएको साझा अवधारणा हो । यो विचारमा आधारित हुन्छ (डिज्क, २००६, पृ.११५) । विचारहरू समुदायभित्रका सदस्यले साझा रूपमा निर्माण गरेको अवधारणा हो । यो विचारको प्रस्तुतीकरणका निम्ति सामाजिक समुदायमा प्रचलित हुन्छ (डिज्क, १९९८क, २०००, पृ. १६) । यसमा सामाजिक ज्ञान, निर्णय, बोध र अनुभूतिको प्रभाव रहन्छ । समाजको समाजिक, आर्थिक, राजनैतिक पृष्ठभूमि आदिले यसलाई प्रभावित पार्दछ (डिज्क,१९९५क, पृ. २४५) । पदावलीमा व्यक्त विचारहरू सम्बन्धित लेखकका सामाजिक, सांस्कृतिक पृष्ठभूमिमा प्राप्त भएका अनुभवीय अवधारणा हुन् । त्यसमा व्यक्त भएका अवधारणा नै तिनको अर्थका रूपमा रहेको हुन्छ ( ल्याकोफ र जोन्सन, १९८०ई. पृ. १३५)  ।

मानव संज्ञानात्मक अवधारणामा जटिलताका श्रेणीहरू रहन्छन् र त्यसलाई संस्कृतिले प्रभाव पार्दछ । नेपाली भाषाका सबै पदावलीको तात्पर्य सबै वक्ताले बुझ्न सक्दैनन् । बोद्धामा रहेको अवधारणाको क्षमताका आधारमा अर्थ निर्धारण हुन्छ । पदावलीमा निहित अवधारणाहरू सामान्यदेखि जटिलसम्मको श्रेणीमा रहेको हुन्छ । बहुप्रचलनमा रहेका पदावलीमा व्यक्त अवधारणा रूढ भइसकेको हुन्छ भने कम प्रचलनमा रहेका पदावलीहरू प्रयोजनवत् हुन्छन् । यस प्रकृतिका पदावलीहरूको प्रयोग ज्यादै न्यून मात्रामा रहेको हुन्छ (डिज्क,१९९५क, पृ.२४६) । अवधारणा सचेत रूपमा नभई सहज रूपमा प्रकट भएको हुन्छ प्रारम्भमा कुनै एक जनाले प्रयोग गरेको अवधारणा समयान्तरमा रूढ हुन गई साझा अवधारणा बन्दछ । (ब्लोर र ब्लोर, २००७, पृ. १०) । यसकारण पदावलीमा व्यक्त मानव स.ज्ञानात्मक अवधारणा नै त्यसको अर्थ हुन जान्छ ।

विशिष्ट संज्ञानात्मक अवधारणा सामाजिक राजनैतिक पृष्ठभूमिमा उत्पन्न हुने अवधारणा हो । यो फरक अवधारणामध्येबाट साझा अवधारणाका रूपमा निर्माण हुन्छ (डिज्क, २००१, पृ. ३५२) । यस

अनुसार भाषालाई सामाजिक अभ्यासका रूपमा मानिन्छ र पदावलीको अर्थ विश्लेषण हुन्छ (फैर्क्लौफ, २००१ : १६) । पाठभित्र प्रयोग भएका पदावलीहरू सामाजिक अभ्यासका रूपमा व्यक्त हुन्छन् । अभ्यासले प्रयोगको निरन्तरता दिने हुनाले पदावली प्रयोगको बारम्बारताले त्यसलाई विशिष्टीकृत पार्दछ । प्रयोगको बारम्बारता भनेको समाजमा अधिकाधिक प्रयोगमा आउनु हो । समाजमा रूढ भैसकेको विचारले भाषाको प्रयोगमा निकै प्रभाव पार्दछ । कुनै पनि पाठ वा त्यसको सर्जकमा कुनै न कुनै विचार हुन्छ र त्यो पाठमा व्यक्त हुन्छ । शाब्दिक अर्थमात्र नभएर लेखकका विचार व्यक्त गर्ने लाक्षणिक अर्थ पनि हुन्छ । त्यो लाक्षणिक अर्थ मूलतः पदावली अन्तर्गतको टुक्कामा हुन्छ । पाठ विश्लेषणमा भाषाको विश्लेषणमात्र नभई त्यसमा व्यक्त विचार अवधारणा वा लक्ष्यार्थको विश्लेषण हुन्छ । संज्ञानात्मक अवधारणा नै पदावलीको तात्पर्य बन्न जान्छ ।

संज्ञानात्मक अवधारणा मानव अनुभवमा आधारित छ । यस अवधारणाले अन्य प्रकारका अवधारणा निर्माण गर्दछ (डिज्क,१९९८क, पृ.viii) । यसको सूक्ष्म विश्लेषणमा समाजसंज्ञान पद्धति महत्वपूर्ण हुन्छ । यसमा विचार आधार हुन्छ (डिज्क,१९९५क, १९९५ख, १९९८क, १९९८ख) । यसलाई समाजका सदस्यले सामाजिक सांस्कृतिक मूल्य मान्यता अनुरूप निर्धारण गर्दछ । समाजको सदस्यले आफ्नो विचारको योजना बनाउँदछ । त्यो योजना समुदायको विचार बन्न जान्छ । यो समाजमा अभ्यासका रूपमा रहन्छ । यो विचार पाठका रूपमा र कुराकानीका सन्दर्भमा आउँछ (डिज्क, १९९५क, पृ.२४५) । अवधारणा भनेको विचारको झुण्ड हो । यसले मानिसको संसारलाई हेर्ने दृष्टिकोणमा भिन्नता ल्याउँछ । सामाजिक सन्दर्भमा समाज संज्ञान अवधारणा उत्पन्न हुन्छ (डिज्क, १९९८ख , पृ.२२) । यसले पाठमा भएका सन्दर्भको विश्लेषणमा निश्चित अवधारणा प्रदान गर्दछ । अर्थ निर्धारण र विश्लेषणमा समाज संज्ञानले प्रभाव पार्दछ । भिन्न भिन्न अवधारणा अनुरूप भिन्न भिन्न अर्थ निरूपण हुन्छ (डिज्क, १९९८ख, पृ. २१) । पदावलीमा व्यक्त अवधारणा व्यक्तिका अवधारणा मात्र नभएर सामाजिक एवम् सांस्कृतिक अवधारणा हुन् । विभिन्न संरचनाका पदावलीहरू फरक फरक समाज, समय, व्यक्ति र विचारका अवधारणा हुन् । यस अवधारणामा निम्न विशेषताहरू हुन्छन्:

(**क**) **आरोप** : भिन्न विचारमा आधारित हुन्छ । भिन्न किसिमका अवधारणामध्ये एउटा अवधारणा अर्कोमा सार्नु आरोप हो । । संज्ञानात्मक अवधारणालाई राखिन्छ र अन्य अवधारणालाई लुकाइन्छ (डिज्क,१९९८ख :४३) ।

(**ख**) **स्पष्टता** : वैचारिक अवधारणाहरू एउटामा अर्को खप्टिने हुनाले प्रष्ट रूपमा व्यक्त हुँदैनन् । ती अवधारणाहरू विवक्षित, अपेक्षित, रहस्यमय हुन्छन् । यसले कथनको सकारात्मक वा नकारात्मक अवधारणा प्रदान गर्दछ । विचारको ध्रुवीकरणमा यसको स्थान रहेको हुन्छ (डिज्क, १९९८ख, पृ. ६३) ।

(**ग**) **पूर्वज्ञान** : व्यक्तिमा भएको पूर्वज्ञानले अवधारणा जन्माउँदछ । पूर्वज्ञान मूलतः अनुभवमा आधारित हुन्छ (डिज्क,१९९८ख, पृ. ६०-६१) ।

(**घ**) **विचार** : आफ्ना अनुभूतिलाई विभिन्न किसिमबाट व्यक्त गर्न सकिन्छ । प्रस्तुतीकरणको शैली भिन्न किसिमको हुन सक्दछ । खासगरी पदावलीको शैली लाक्षणिक हुन्छ । पदावलीमा निहित लाक्षणिकताले सकारात्मक वा नकारात्मक विचार प्रकट गर्दछ । 'आँखा तर्नु' मा नकारात्मक र 'आँखा गड्नु' मा सकारात्मक विचार प्रकट भएको हुन्छ ।

(**ङ**) **अव्यक्तता** : मानवको संज्ञानात्मक अवधारणामा विचारको झुण्ड रहेको हुन्छ । त्यस अवस्थामा एउटा विचार व्यक्त हुन गई अन्य अव्यक्त रहन्छ । जुन धारणा व्यक्त गर्न खोजिएको हो त्यो लुकेको हुन्छ । जुन शब्द व्यक्त गरिएको हुन्छ, त्यस शब्दको आशय अव्यक्त हुन गई लाक्षणिक विचार प्रकट हुन जान्छ ।

(**च**) **विशिष्ट** : अवधारणा सामान्यमा नभई विशिष्ट अवस्थाका लागि निर्माण भएको हुन्छ । वस्तु र स्थानको विशिष्टताबाट अवधारणा निर्माण हुन्छ । स्थानले सन्दर्भलाई विशिष्ट पार्दछ । यसैले स्थानसँग जोडिएर अवधारणा र अर्थ निर्धारण हुन जान्छ । उदाहरणका लागि 'पाखा सर्नु', 'डाँडामाथिको घाम हुनु' मा पाखो र डाँडोले अवधारणालाई विशिष्ट पारी लाक्षणिक अवधारणा निर्माण गरेका छन् ।

(**छ**) **आत्मीकरण** : कुनै पनि सन्दर्भलाई आफू अनुकूल बनाउनु आत्मीकरण हो । अवधारणाको निर्माणमा समुहसँग मिल्ने गरी अनुभूतिको आत्मीकरण गरिएको हुन्छ । यसपछि एउटा सन्दर्भलाई समुहमा स्वीकार्य हुने गरी फरक फरक किसिमले  ग्रहण गरिएको हुन्छ (ल्युवेन, २००८ : ३७) । उदाहरणका रूपमा 'पेट काट्नु' र 'हावा खानु' मा पेट र हावा लाई व्यक्तिले आफू अनुकूलको सन्दर्भमा बुझेर लाक्षणिक भाव ग्रहण गर्दछ ।

(**ज**) **नवीनता** : फरक पहिचानका लागि समाजमा भिन्न भिन्न प्रयोग सन्दर्भहरू भित्रिएका हुन्छन् । एउटै सन्दर्भलाई फरक किसिमबाट व्यक्त गर्न सकिन्छ । यसो गर्दा अलग अलग आशय प्रकट हुन जान्छ ( ल्युवेन, २००८ : ४१) । नियमित रूपमा प्रयोगमा भएको भनदा फरक हुनु नवजिता हो ।

(**झ**) **व्यापकता** : समाजमा भएका विविध कार्यहरूमध्ये अधिकांशजसो सकारात्मक  भाव जगाउने किसिमका हुन्छन् । त्यसबाट भिन्न अवधारणाको विकास हुँदै जान्छ ।

(**ञ**) **क्रियात्मकता** : अवधारणाको निर्माण पेसा वा कामको भूमिकाका आधारमा भएको हुन्छ । काममा सहभागी भएकाबाट त्यसको लाक्षणिक अवधारणा बनेको हुन्छ । उदाहरणका लागि 'आरानको कामी' पेसाका आधारमा बनेको अवधारणा हो । धापको किलो कार्यगत स्वभावबाट बनेको अवधारणा हो ।

(**ट**) **व्यक्तिवाचीकरण** : समाजको विशिष्ट व्यक्तित्वलाई मानव अस्तित्वका रूपमा लिएर त्यसलाई खास नामले चर्चित पारिन्छ । अवधारणा निर्माण हुँदा यस किसिमका भावहरू अधिक हुन्छन् । मानवका विशेषताका आधारमा बनेको पदावलीको विशिष्ट अर्थ हुन्छ (ल्युवेन, २००८, पृ. ४६) । 'अर्जुन दृष्टि' , नारदे विद्या, भीमसेन भारत मच्चाउनु जस्ता टुक्कामा व्यक्तिका आचरणले अवधारणा निर्माण गरेको छ ।

(**ठ**) **अमूर्तता** : अवधारणा अमूर्त हुन्छ । मानव अस्तित्वका रूपमा रहने तर व्यक्तिका रूपमा नरहने अवधारणा लाक्षणिक अवधारणा हो । यसमा गुण स्थापित हुन्छ तर वस्तु रहँदैन । प्रत्यक्ष देखेभोगेका अवधारणाका आधारमा अमूर्त अवधारणा निर्माण हुन जान्छ ।

## निष्कर्ष

पाठभण्डार सङ्कथनसँग सम्बन्धित विषय हो । पाठभित्रबाट सहचर शब्दहरूको अर्थ सम्बन्ध बुझ्न सकिन्छ ।  सहचर भनेका सँगै रहने हो । एउटा शब्दको साहचर्यमा  आउँदा एक किसिमको अर्थ र अर्को शब्दसँग आउँदा बेग्लै अर्थ लाग्न जान्छ । जुन शब्दको अर्थ अन्य शब्दको सह उपस्थितिका आधारमा निर्धारित हुन्छ त्यो नै साहचर्यात्मक अर्थ हो । साहचर्यात्मक अर्थको विश्लेषण संरचनात्मक भाषाविज्ञानअन्तर्गत फर्थले गरेका हुन् । यसपछि सिङ्क्लेयरले यसको विस्तृत व्याख्या विश्लेषण गरेका हुन् । यस अनुसार शब्दको अर्थसँग सोझो सम्बन्ध हुँदैन । भाषाका कतिपय शब्दहरू सामान्य रूपबाट हेर्दा उस्तै देखिने तथा प्रयोगका सन्दर्भमा पनि पर्यायवाची शब्दका रूपमा प्रयोग गर्न सकिने जस्ता देखिन्छन् तर तिनीहरू एउटा शब्दसँग जसरी आउन सक्छन् अर्को शब्दसँग त्यही रूपमा आउन सक्दैनन् । यी शब्दका बिच साहचर्यात्मक सम्बन्ध हुन्छ । यस किसिमको साहचर्यात्मक अर्थ विश्लेषणका लागि वितरणात्मक र संज्ञानात्मक दुई किसिमका पद्धति प्रस्तुत गरिएको छ । सहचर शब्दको वितरणका आधारमा अर्थ विश्लेषण गर्ने पद्धति वितरणात्मक पद्धति हो । वितरणले वाक्यभित्रका पदको रखाइको क्रमलाई जनाउँदछ । वाक्यमा प्रयुक्त पदहरूको वितरणलाई हेरेर त्यसका आधारमा ती पद र पदावलीको

अर्थ विश्लेषण गरिन्छ । दोस्रो संज्ञानात्मक पद्धति हो । यसमा यसमा शाब्दिक अर्थ जोडेर अर्थको विश्लेषण गरिँदैन । त्यसमा व्यक्त भएको तात्पर्य अर्थ हेरिन्छ । यो मानिसको बोध क्षमता र अनुभवमा आधारित हुन्छ । यस पद्धतिले शब्दको अर्थलाई नहेरी अभिप्रायको अर्थ हेर्दछ । शाब्दिक एकाइको अर्थ जोड्दा त्यसको अर्थमा  समानता हुँदैन ।

## सन्दर्भसामग्री

Evert, S. (2005). *The Statistics of word cooccurrences: word pairs and collocations.* Unpublished PhD thesis, Universität Stuttgart, Stuttgart.

Evert, S. (2009). Corpora and collocations. In A. Lüdeling & M. Kytö (Eds.), *Corpus linguistics: an international handbook* (Vol. 2).: Walter de Gruyter.

Firth, J. R. (1957). *Papers in linguistics, 1934-1951*: Oxford University Press

Firth, J. R. (1968). Selected Papers of J.R. Firth 1952- 1959 In F. R. Palmer (Ed.). Indiana University Press.

McEnery, T., & Hardie, A. (2012). *Corpus linguistics : method, theory and practice*. Cambridge University Press.

McEnery, T., & Wilson, A. (2001). *Corpus linguistics : an introduction* (2nd ed.): Edinburgh .

Nesselhauf, N. (2004a). *Collocations in a learner corpus*. J. Benjamins Pub. Co.

Nesselhauf, N. (2004b). What are collocations? In D. Allerton, N. Nesselhauf & P. Skandera (Eds.), *Phraseological units: basic concepts and their application* (Vol. 8, pp. 1 - 21). Schwabe.

Saussure, F. d. (1916). *Cours de linguistique générale. Translated by Wade Baskin (1959) asCourse in general linguistics*. McGraw-Hill Book Co.

Sinclair, J. (1966). Beginning the study of lexis. In C. E. Bazell, J. C. Catford, M. A. K.

Halliday & R. H. Robins (Eds.), *In Memory of J. R. Firth* (pp. 288-302).

Herbst, T. (1996). What are collocations: sandy beaches or false teeth? *English Studies, 77*(4), 379-393.

Sinclair, J. (1991). *Corpus, concordance, collocation*. Oxford University Press.

Sinclair, J. (1998). The lexical item. In E. Weigand (Ed.), *contrastive lexical semantics* (pp.1–24). Amsterdam: Benjamins. (Reprinted in Sinclair 2004: 131-48).

Sinclair, J. (2003). *Reading concordances: an introduction*. Longman.

Sinclair, J. (2004a). The lexical item. In J. Sinclair & R. Carter (Eds.), *Trust the Text: Language, corpus and discourse* (pp. 131-148) Routledge.

Sinclair, J. (2004b). The search for units of meaning. In J. Sinclair & R. Carter (Eds.), *Trust the text* (pp. 24-48) Routledge.

Sinclair, J. (2004c). *Trust the Text: Language, corpus and discourse*. Routledge.

Sinclair, J. (2007). Preface. *International Journal of Corpus Linguistics 12*(2), 155-157.

Sinclair, J. (2008). The phrase, the whole phrase, and nothing but the phrase. In S. Granger &

F. Meunier (Eds.), *Phraseology: An interdisciplinary perspective*. Amsterdam

Sinclair, J. (Ed.). (1987). *Looking up. an account of the COBUILD project in lexical computing* Collins.

Sinclair, J., Jones, S., Daley, R., & Krishnamurthy, R. (2004). *English collocation studies: the OSTI report*. Continuum.

Stubbs, M. (1995). Collocations and semantic profiles: On the cause of the trouble with quantitative studies. *Functions of Language, 2*(1).

Stubbs, M. (2001). *Words and phrases : corpus studies of lexical semantics*. Blackwell Publishers.

Stubbs, M. (2007). Quantitative data on multi-word sequences in English: The case of the word 'world'. In M. Hoey, M. Malhberg, M. Stubbs & W. Teubert (Eds.), *Text, discourse and corpora: theory and analysis* (pp. 163-189). Continuum.

Stubbs, M. (2009). The Search for Units of Meaning: Sinclair on Empirical Semantics. *Applied Linguistics*, (30/31)115–137.